# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६१/६२ को प्रथम दश महिनाको तथ्याङ्कमा आधारित)*

**नेपाल राष्ट्र बैंक**

**आषाढ २०६२**

***www.nrb.org.np***

## मौद्रिक स्थिति

१. आर्थिक वर्ष २०६१/६२ को प्रथम दश महिनासम्ममा मौद्रिक योगाङ्कहरुमध्ये विस्तृत मुद्रा प्रदाय ($M_2$) को वृद्धिदरमा कमी आएको छ भने संकुचित मुद्रा प्रदाय ($M_1$) को वृद्धिदरमा विस्तार भएको छ । यस वर्ष विस्तृत मुद्रा प्रदाय ६.६ प्रतिशतले वृद्धि भई २०६२ बैशाख मसान्तसम्ममा रु २ खर्ब ९५ अर्ब ७५ करोड पुगेको छ । गत वर्ष विस्तृत मुद्रा प्रदाय ८.४ प्रतिशतले बढेको थियो । खुद वैदेशिक सम्पत्तिको वृद्धिमा आएको कमीका कारण विस्तृत मुद्रा प्रदायको विस्तारमा कमी आएको हो । संकुचित मुद्रा प्रदाय गत वष ४.९ प्रतिशतले वृद्धि भएको तुलनामा यस वर्ष ५.९ प्रतिशतले बढ्न गई रु. ९९ अर्ब ४७ करोड पुगेको छ । आवधिक निक्षेपको वृद्धि दरमा गत वर्षको तुलनामा यस वर्ष कमी आएको हुंदा संकुचित मुद्रा प्रदायको वृद्धिदरमा यस वर्ष केही विस्तार हुन गएको हो । गत वर्ष १०.२ प्रतिशतले वृद्धि भएको आवधिक निक्षेप यस वर्ष ७.१ प्रतिशतले मात्र वृद्धि भई रु १ खर्ब ९६ अर्ब २८ करोड पुगेको छ । खुद वैदशिक सम्पत्तिको वृद्धिको कारणले आवधिक निक्षेपमा कम दरले वृद्धि भएको हो ।

## मौद्रिक योगाङ्कलाई प्रभाव पार्ने कारक तत्वहरु

२. **सञ्चित मुद्रा :-** चालु आर्थिक वर्षको प्रथम दश महिनासम्ममा सञ्चित मुद्रा (Reserve Money) २.१ प्रतिशतले घटेर रु. ९२ अर्व ४३ करोडमा झरेको छ । गत वर्षको सोही अवधिमा सञ्चित मुद्रा ९.६ प्रतिशतले बढेको थियो । एकातर्फ वाणिज्य बैंकहरुले नेपाल राष्ट्र बैंकमा राख्ने मौज्दातमा कमी आएका कारण सञ्चित मुद्रामा कमी आएको हो भने अर्कोतर्फ खुद वैदेशिक सम्पत्ति गत वर्षको १५.० प्रतिशत वृद्धिको तुलनामा यस वर्ष ५.१ प्रतिशतको दरले मात्र बढेकोले पनि सञ्चित मुद्रा घट्न गएको हो ।

३. **मुद्रा गुणक :-** यस वर्ष दुवै मुद्रा गुणकहरु ($M_1$ तथा $M_2$) मा वृद्धि भएको छ । संकुचित मुद्रा गुणक ($M_1$ multiplier) गत वर्ष ०.९९ रहेकोमा यस वर्ष १.०७६ रहेको छ । त्यसैगरी विस्तृत मुद्रा गुणक ($M_2$ multiplier) गत वर्ष ३.००४ रहेकोमा यस वर्ष ३.२०० पुगेको छ । निजी क्षेत्रमा बैंक कर्जा विस्तार हुन गएको कारणले वाणिज्य बैंकहरुको अधिक तरलतामा कमी आएकोले यस वर्ष मौद्रिक गुणकमा वृद्धि भएको हो ।

४. **खुद वैदेशिक सम्पत्तिः-** मौद्रिक योगाङ्कमा विस्तारकारी भूमिका खेल्ने खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन समायोजन समेत) यस वर्ष ५.१ प्रतिशतले बढ्न गई रु १ खर्ब ८ अर्ब ६१ करोड पुगेको छ । गत वर्ष खुद वैदेशिक सम्पत्ति १५.० प्रतिशतले बढेको थियो । यस वर्ष वैदेशिक ऋण सहयोग तथा वैदेशिक अनुदानको वृद्धिदरमा कमी आएको कारण खुद वैदेशिक सम्पत्तिको वृद्धिदर अघिल्लो वर्षको तुलनामा केही कम रहन गएको हो ।

५. **श्री ५ को सरकारमाथिको खुद दावी** :- यस वर्ष पनि श्री ५ को सरकारको नेपाल राष्ट्र बैंकमा नगद मौज्दात कायम रहेकोले मौद्रिक क्षेत्रको श्री ५ को सरकारमाथिको खुद दावी २.७ प्रतिशतले घट्न गई रु ६० अर्ब ६२ करोडमा झरेको छ । गत वर्ष सो दावी ११.२ प्रतिशतले घटेको थियो ।

६. **सरकारी संस्थानमाथिको दावी** :- यस वर्ष मौद्रिक क्षेत्रको गैर वित्तीय संस्थानहरुमाथिको दावी ७२.७ प्रतिशतले वृद्धि भई रु ५ अर्ब ३ करोड पुगेको छ । वाणिज्य बैंकहरुद्धारा नेपाल आयल निगम, शाही नेपाल वायु सेवा निगम, नेशनल ट्रेडिङ्ग लिमिटेड जस्ता गैरवित्तीय संस्थानहरुलाई गएको कर्जामा वृद्धिको कारण उक्त दावीमा वृद्धि भएको हो । गत वर्ष सो दावी ११.३ प्रतिशतले बढेको थियो । मौद्रिक क्षेत्रको वित्तीय संस्थानहरुमाथिको दावी गत वर्ष ११.१ प्रतिशतले बढेको तुलनामा यस वर्ष ६.३ प्रतिशतले घट्न गई रु १२ अर्ब ५० करोडमा झरेको छ । कृषि विकास बैंकका बैंकिङ्ग कारोवार गर्ने शाखाहरुको केन्द्रीय कार्यालयमा कायम रहने मौज्दातमा कमी आएकोले मौद्रिक क्षेत्रको वित्तीय संस्थानहरुमाथिको दावी घट्न गएको हो ।

७. **निजी क्षेत्रमा प्रवाहित कर्जाः-** मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी गत वर्ष ११.३ प्रतिशतले बढेकोमा यस वर्ष १४.४ प्रतिशतले बढ्न गई रु १ खर्ब ९७ अर्ब ३५ करोड पुगेको छ । राष्ट्रिय वाणिज्य बैंक, नेपाल अरव बैंक लि., स्ट्याण्डर्ड चार्टर्ड बैंक लि., नेपाल इण्डष्ट्रियल एण्ड कमर्शियल बैंक लि. तथा हिमालयन बैंक लि. जस्ता बाणिज्य बैंकहरुबाट निजी क्षेत्रलाई जाने कजार्मा विस्तार भएको कारण निजी क्षेत्रमाथिको दावी यस वर्ष उल्लेख्य रुपमा बढ्न गएको हो ।

८. **आन्तरिक कर्जा :-** श्री ५ को सरकारको दावी र वित्तीय संस्थाहरुमाथिको दावीमा कमी आए तापनि निजी क्षेत्रमाथिको दावी र गैरवित्तीय सरकारी संस्थानहरुमाथिको दावीमा उल्लेख्य वृद्धिका कारण मौद्रिक क्षेत्रको कूल आन्तरिक कर्जा यस वर्ष ९.७ प्रतिशतले बढ्न गई रु २ खर्ब ७५ अर्ब ५० करोड पुगेको छ । गत वर्ष सो कर्जा

५.१ प्रतिशतले बढेको थियो । कुल आन्तरिक कर्जामा श्री ५ को सरकारको अंश गत वर्ष २३.२ प्रतिशत रहेकोमा यस वर्ष २२.० प्रतिशतमा झरेको छ ।

९. **खुद अमौद्रिक दायित्व तथा खुद आन्तरिक सम्पत्तिः-** मुद्रा प्रदायमा संकुचनकारी भूमिका खेल्ने खुद अमौद्रिक दायित्व (विदेशी विनिमय मूल्याङ्कन समायोजन समेत) यस वर्ष १४.० प्रतिशतले बढ्न गई रु ८८ अर्ब ३६ करोड पुगेको छ । नेपाल बैंक लिमिटेड, राष्ट्रिय वाणिज्य बैंक, नेपाल क्रेडिट एण्ड कमर्शियल बैंक लि., हिमालयन बैंक लि., नेपाल बंगलादेश बैंक लि. जस्ता वाणिज्य बैंकहरुले खराब कर्जाको लागि राख्नु पर्ने जगेडा कोषको रकम र हिमालयन बैंक लि. ,नेपाल बंगलादेश बैंक लि., नेपाल एस.बी.आई. बैंक लि., एभरेष्ट बैंक लि., नेपाल क्रेडिट एण्ड कमर्श बैंक लि., लुम्बिनी बैंक लि. तथा लक्ष्मी बैंक लि. जस्ता वाणिज्य बैंकहरुको चुक्ता पूँजी बृद्धि भएकोले यस वर्ष खुद अमौद्रिक दायित्व बढ्न गएको हो । गत वर्ष खुद अमौद्रिक दायित्व ६.३ प्रतिशतले मात्र बढेको थियो । कुल आन्तरिक कर्जामा खुद अमौद्रिक दायित्व समायोजन गरेपछि आउने खुद आन्तरिक सम्पत्ति यसवर्ष ७.६ प्रतिशतले बढ्न गई रु १ खर्ब ८७ अर्ब १४ करोड पुगेको छ । गत वर्ष खुद आन्तरिक सम्पत्ति ४.५ प्रतिशतले बढेको थियो । मौद्रिक क्षेत्रको कुल आन्तरिक कर्जामा गत वर्षको तुलनामा यस वर्ष बढी दरले वृद्धि भएकोले खुद आन्तरिक सम्पत्ति गत वर्षको तुलनामा बढी दरले वृद्धि भएको हो ।

## मौद्रिक उपकरणहरुको कार्यान्वयन स्थिति


१०. नेपाल राष्ट्र बैंकबाट आर्थिक वर्ष २०६१/६२ को प्रथम दश महिनासम्ममा खुला बजार विक्री बोलकबोल मार्फत रु १० अर्ब ५० करोड तरलता प्रशोचन भयो भने सोहि अवधिमा रु १ अर्ब ३१ करोड खरीद बोलकबोल गरी तरलता प्रवाह गरियो । नेपाल राष्ट बैंकले यस अवधिमा रिपो बोल कबोल मार्फत रु ६ अर्ब ३६ करोड तरलता प्रवाह गऱ्यो भने रिभर्स रिपो बोलकबोल मार्फत रु ५ अर्ब २७ करोड तरलता प्रशोचन गऱ्यो । यसरी दोस्रो बजार मार्फत यस आर्थिक वर्षको प्रथम दश महिनासम्ममा रु ७ अर्ब ६७ करोड बराबरको तरलता प्रवाह गरियो र रु १५ अर्ब ७७ करोड बराबरको तरलता प्रशोचन भयो । फलस्वरुप, खुद तरलता प्रशोचन रु ८ अर्ब १० करोड कायम रहन गयो । यस अवधिमा नेपाल राष्ट्र बैंकले समग्र (cumulative terms) मा रु ४५ अर्ब २४ करोड बराबर अस्थायी तरलता सुविधा प्रदान ग-यो ।

११. त्यसैगरी नेपाल राष्ट्र बैकले विदेशी मुद्रा बजारमा हस्तक्षेप गरी यस अवधिमा रु. ३ अर्ब ६२ करोड बराबर अमेरिकी डलर विक्री गऱ्यो भने सोही अवधिमा रु ३१ अर्ब ७६ करोड बराबर अमेरिकी डलर खरीद ग-यो । फलस्वरुप, नेपाल राष्ट्र बैंकले यस अवधिमा विदेशी मुद्रा हस्तक्षेपमार्फत् खुद रु २८ अर्ब १४ करोड बराबरको तरलता प्रवाह गऱ्यो ।

१२. चालु आर्थिक वर्षको प्रथम दश महिनामा वाणिज्य बैंकहरुको अधिक तरलतामा निकै कमी आएकोले २०६१ श्रावणमा ०.६२ प्रतिशत रहेको ९१ दिने ट्रेजरी बिल्स दर २०६२ बैशाख महिनामा ३.७ प्रतिशतमा उक्लेको छ । यसरी चालु आर्थिक वर्षका शुरुका महिनाहरुमा देखिएको अधिक तरलताको स्थितिमा प्रथम दश महिनासम्ममा निकै सुधार आएको छ ।

## शेयर बजार गतिविधि

१३. २०६१ बैशाख महिनाको तुलनामा २०६२ बैशाख महिनामा संख्यात्मक तथा रकमगत शेयर कारोबारमा अत्याधिक ह्रास आएको छ । तर शेयर बजारका अन्य परिसूचकहरुमध्ये शेयर मूल्य, सूचीकृत भएका कम्पनीहरुको संख्या र बजार पूँजीकरणमा भने वृद्धि भएको छ । बीमा तथा व्यापारिक समूहका कम्पनीहरु बाहेक अन्य समूहका कम्पनीहरुको दोस्रो बजार कारोबारमा उल्लेखनीय गिरावट आएको छ । सूचीकृत कम्पनीहरुको संख्यामा वृद्धि भए अनुरुप २०६१ बैशाख महिनाको तुलनामा २०६२ बैशाख महिनामा चुक्ता पूँजी ४०.१ प्रतिशतले वृद्धि भई रु. १६ अर्ब ७५ करोड पुगेको छ । बैंक, वित्त कम्पनीहरु तथा बीमा कम्पनीहरुले नयाँ शेयर सूचीकृत तथा लाभप्रद शेयर जारी गरेकाले चुक्ता पूँजीमा वृद्धि भएको हो । समीक्षा महिनामा सूचीकृत कम्पनीहरुको बजार पूँजीकरण ६१.३ प्रतिशतले वृद्धि भई रु. ६१ अर्ब ८ करोड पुगेको छ । २०६१ बैशाख मसान्तमा २०४.३५ रहेको नेप्से परिसूचक यस वर्षको सोही महिनाको अन्त्यमा ८१.०७ बिन्दु (३९.७ प्रतिशतले) ले वृद्धि भई २८५.४२ पुगेको छ । नेपाल स्टक एक्सचेन्ज लि. मा २०६१ बैशाख महिनामा सूचीकृत कम्पनीहरुको संख्या ११४ रहेकोमा २०६२ बैशाख महिनामा १२४ पुगेको छ । गत वर्षको बैशाख महिनामा ७१ वटा कम्पनीहरुको शेयर कारोवार भएकोमा यस वर्ष ८३ वटा कम्पनीहरुको कारोवार भएको छ ।




१४. २०६२ बैशाख महिनामा रु. २३ करोड मूल्यका ६ लाख ४४ हजार कित्ता शेयर खरीदबिक्री भएका छन् । गत वर्षको सोही महिनामा रु. १ अर्ब २८ करोड मूल्यका २८ लाख ६२ हजार कित्ता शेयर खरीदबिक्री भएका थिए । २०६२ बैशाख महिनामा गत वर्षको सोही महिनाको तुलनामा संख्यात्मक शेयर कारोवारमा ७७.५ प्रतिशतले र रकमगत कारोवारमा ८१.७ प्रतिशतले अत्याधिक ह्रास भएको छ । यसरी शेयर कारोबार संख्या र रकममा अत्याधिक ह्रास हुनुको कारण गतवर्षको सोही महिनामा उत्पादन तथा प्रशोधन समूह अन्तर्गतको कोका कोला कम्पनीको रु. १ अर्ब २ करोड ५५ लाख बराबरका १९,१३,२९६ कित्ता शेयर दक्षिण अफ्रिकी कम्पनी साप कोकाकोलाले खरीद गरेकोले हुन गएको हो । २०६२ बैशाखमा कुल कारोवार रकममा समूहगत रुपमा वाणिज्य बैंकको (८६.७ प्रतिशत), बीमा कम्पनीहरुको (६.४ प्रतिशत) र वित्त कम्पनीहरुको (४.९ प्रतिशत) उल्लेख्य योगदान रहेको छ भने गत वर्ष औद्योगिक उत्पादन तथा प्रशोधन कम्पनीहरुको (८०.३ प्रतिशत), वाणिज्य बैंक समूहको (१६.१ प्रतिशत) र विकास बैंक समूहको (२.० प्रतिशत) को योगदान महत्वपूर्ण थियो ।

## मूल्य स्थिति

१५. विन्दुगत आधारमा शहरी क्षेत्रको राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क २०६२ बैशाखमा ६.४ प्रतिशतले बढ्न गएको छ । २०६१ बैशाखमा यस्तो वृद्धिदर १.३ प्रतिशत मात्र रहेको थियो । चामल जातिको मूल्यमा वृद्धि भएको कारणबाट अन्न तथा अन्नबाट बनेका परिकारहरुको मूल्य सूचकाङ्कमा चाप पर्न गएको साथै २०६१ पौष महिनामा पेट्रोलियम पदार्थको मूल्यमा भएको वृद्धिको प्रभाव घरायसी सामान तथा सेवा, यातायात तथा संचार र रेष्टुराँको खानाको मूल्यमा पर्न गई मूल्य सूचकाङ्क गत वर्षको तुलनामा यस वर्ष बढी दरले वृद्धि हुन गएको हो । २०६१ बैशाखमा १५४.१ विन्दुमा रहेको समग्र मूल्य सूचकाङ्क २०६२ बैशाखमा १६४.० विन्दुमा पुगेको छ ।

१६. गत आर्थिक वर्षको प्रथम दश महिनाको औसत मूल्य वृद्धिदर ४.४ प्रतिशत रहेकोमा यस वर्ष यस्तो वृद्धिदर ४.२ प्रतिशत रहेको छ ।

१७. विन्दुगत आधारमा खाद्य तथा पेय पदार्थको मूल्य गत वर्ष ०.६ प्रतिशतले बढेकोमा यस वर्ष ५.८ प्रतिशतले बढेको छ । तरकारी तथा फलफूल, रेष्टुराँको खाना, अन्न तथा अन्नबाट बनेका परिकारहरु एवं चिनी तथा चिनीजन्य पदार्थको मूल्य बढेको कारण गत वर्षको तुलनामा यस वर्ष यस समूहको मूल्य सूचकाङ्क बढेको छ । यस समूह अन्तर्गतका उप-समूहहरुमध्ये चिनी तथा चिनीजन्य पदार्थ (२०.३ प्रतिशत), तरकारी तथा फलफूल (९.३ प्रतिशत), रेष्टुराँको खाना (८.२ प्रतिशत), अन्न तथा अन्नबाट बनेका परिकारहरु (७.१ प्रतिशत), माछा, मासु तथा फुल (५.५ प्रतिशत), पेय पदार्थ (४.४ प्रतिशत), दलहन (१.५ प्रतिशत) र दुध तथा दुग्धजन्य पदार्थ (०.८ प्रतिशत) को मूल्यमा वृद्धि हुन गएको छ भने तेल तथा घ्यू (३.१ प्रतिशत) र मरमसला (२.० प्रतिशत) को मूल्यमा ह्रास आएको छ ।

१८. यस वर्ष गैर-खाद्य वस्तु तथा सेवा समूहको मूल्य सूचकाङ्क ७.० प्रतिशतले बढ्न गएको छ । गत बर्ष यस्तो मूल्य सूचकाङ्क २.२ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा पेट्रोलियम पदार्थको मूल्यमा भएको वृद्धिको प्रभावबाट यातायात तथा संचार एवं घरायसी वस्तु तथा सेवाको मूल्यमा उच्च दवाव परेकोले यस समूहको मूल्य सूचकाङ्क उच्च दरले वृद्धि हुन गएको हो । यस समूह अन्तर्गतका उप-समूहहरुमा यातायात तथा संचार (१४.३ प्रतिशत), घरायसी सामान तथा सेवाहरु (१२.३ प्रतिशत), शिक्षा, शैक्षिक सामाग्री तथा मनोरञ्जन (४.८ प्रतिशत), सूर्ती तथा

सूर्तीजन्य पदार्थ (४.३ प्रतिशत), लत्ता कपडा तथा तयारी लुगा (२.७ प्रतिशत) इत्यादि सबैको मूल्यमा वृद्धि भएको छ ।

१९. क्षेत्रगत आधारमा वार्षिक विन्दुगत रुपमा काठमाडौं उपत्यकामा ५.६ प्रतिशत, पहाडमा ६.९ प्रतिशतले र तराईमा ६.८ प्रतिशत मूल्य सूचकाङ्कमा वृद्धि भएको छ । गत वर्ष यस्तो वृद्धिदर काठमाडौं उपत्यकामा ४.४ प्रतिशत र पहाडमा ०.३ प्रतिशतले रहेको थियो भने तराईको मूल्य सूचकाङ्क स्थिर रहेको थिया ।

२०. वार्षिक विन्दुगत आधारमा राष्ट्रिय थोक मूल्य सूचकाङ्क २०६२ बैशाख महिनामा ९.५ प्रतिशतले वृद्धि भई १२५.२ विन्दुमा पुगेको छ । गत वर्षको यसै अवधिमा यस्तो वृद्धिदर १.७ प्रतिशत मात्र रहेको थियो । गत वर्षको तुलनामा यस वर्ष मरमसला लत्ता कपडा र दलहनको मूल्यमा ह्रास आए तापनि चामल जातिको मूल्य वृद्धिबाट खाद्यान्नको मूल्य सूचकाङ्कमा चाप परेको कारण र नगदे वाली (आलु तथा जुट), रासायनिक मल तथा रासायनिक वस्तु एवं पेट्रोलियम पदार्थ र कोइलाको मूल्यमा वृद्धि भएका कारण मूल्य सूचकाङ्क बढी दरले वृद्धि हुन गएको छ । समूहगत रुपमा आयातीत वस्तुहरुको मूल्य सूचकाङ्क ११.८ प्रतिशत, कृषि सम्बन्धी वस्तुहरुको ९.९ प्रतिशत, र स्वदेशमा उत्पादित वस्तुहरुको ५.४ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको प्रथम दश महिनाको औसत मूल्य वृद्धिदर ४.० प्रतिशत रहेकोमा यस वर्ष यस्तो मूल्य वृद्धिदर ६.८ प्रतिशत रहन गएको छ ।

## सरकारी वित्त स्थिति


२१. श्री ५ को सरकारको कुल खर्चलाई साधारण र विकास खर्चमा वर्गीकरण गर्ने गरिएकोमा आर्थिक वर्ष २०६१/६२ देखि यसमा परिवर्तन गरी चालु खर्च, पूंजीगत खर्च र सांवा भुक्तानी गरी तीन भागमा वर्गीकरण गरिएको छ । यी शीर्षकहरु र विगत आर्थिक वर्षहरुमा भएको साधारण र विकास खर्च शीर्षकहरुमा भएको खर्चको तुलनात्मक विश्लेषण गर्न सान्दर्भिक हुने नदेखिएकोले यस आर्थिक वर्षको प्रथम दश महिनाकों तथ्याङ्क मात्र प्रस्तुत गरिएको छ । नगद प्रवाहमा आधारित तथ्याङ्क अनुसार श्री ५ को सरकारको कुल खर्च गत वर्ष ८.३ प्रतिशतले बढेकोमा यस वर्ष ११.१ प्रतिशतले बढेर रु. ६१ अर्ब २ करोड पुगेको छ । यस वर्षको कुल खर्चमध्ये चालु खर्चतर्फ रु. ४३ अर्ब १५ करोड (७०.७ प्रतिशत), पूंजीगत खर्चतर्फ रु. ८ अर्ब २० करोड, (१३.४ प्रतिशत), सांवा भुक्तानीतर्फ रु. ८ अर्ब २८ करोड (१३.६ प्रतिशत) र फ्रिजतर्फ रु. १ अर्ब ३९ करोड (२.३ प्रतिशत) रहेको छ ।

२२. गत वर्ष १३.१ प्रतिशतले वृद्धि भएको गैर-ऋण साधन (राजस्व, गैर-बजेटरी तथा अन्य आय र बाह्य अनुदान) यस वर्ष १३.३ प्रतिशतले वृद्धि भई रु. ५८ अर्ब ३५ करोड पुगेको छ । सरकारी साधनको प्रमुख स्रोत (८९.४ प्रतिशत अंश रहेको) को रुपमा रहेको राजस्व गत वर्ष १३.४ प्रतिशतले वृद्धि भएकोमा यस वर्ष १२.३ प्रतिशतले वृद्धि भई रु. ५२ अर्ब १४ करोड पुगेको छ । बाह्य अनुदान गत वर्ष उच्च दरले वृद्धि भई ३ अर्ब ४५ करोड प्राप्त भएकोमा यस बर्ष केही मन्द दरले बढी रु. ४ अर्ब २९ करोड प्राप्त भएको छ ।

चार्ट नं.: २

**कुल सरकारी खर्च, साधन तथा बजेट सन्तुलन**

(प्रथम दश महिना)




२३. कुल सरकारी खर्चको तुलनामा साधन परिचालनको वृद्धिदर उच्च रहेको कारण २०६२ बैशाख मसान्तसम्ममा सरकारी बजेट घाटा २१.९ प्रतिशतले घटेर रु.२ अर्ब ६७ करोडमा सीमित रहेको छ । गत वर्ष यस अवधिमा रु. ३ अर्ब ४२ करोड बजेट घाटा भएको थियो । यस वर्ष वैदेशिक नगद ऋण रु. १ अर्ब ७९ करोड तथा आन्तरिक ऋण रु.४ अर्ब


३६ करोड (ट्रेजरी बिल्स रु. ४ अर्ब १४ करोड र राष्ट्रिय बचत पत्र रु. २२ करोड ) गरी जम्मा रु ६ अर्ब १५ करोड परिचालन भएको छ । उक्त रकमबाट उपरोक्त बजेट घाटा तथा अन्य शीर्षकमा रु. ११ करोड पूर्ति गरी यस महिनाको अन्त्यसम्ममा सरकारी कारोबारबाट श्री ५ को सरकारको खातामा रु. ३ अर्ब ३७ करोड बचत रहेको छ। श्री ५ को सरकारको खातामा गत बर्ष यसै अवधिमा रु. ६ अर्ब २ करोड बचत रहेको थियो ।

२४. २०६१ आषाढमा श्री ५ को सरकारको खातामा रु. ७५ करोड बचत रहेकोमा यस वर्ष कुल खर्चको तुलनामा कुल गैर-ऋण साधन उच्च दरले बढेको फलस्वरुप उक्त रकममा वृद्धि भई २०६२ बैशाख मसान्तसम्ममा रु. ४ अर्ब १२ करोडको बचत भएको छ । फलस्वरुप, श्री ५ को सरकारको तिर्न बाँकी खुद आन्तरिक ऋण २०६१ आषाढको रु. ८५ अर्ब ३८ करोडबाट २०६२ बैशाख मसान्तमा रु. ८३ अर्ब १९ करोडमा झरेको छ ।

## वैदेशिक ब्यापार

२५. भन्सारबाट प्राप्त तथ्याङ्क अनुसार आर्थिक बर्ष २०६१/६२ को प्रथम दश महिनासम्ममा कुल निर्यात ५.३ प्रतिशतले वृद्धि भई रु ४७ अर्ब ५२ करोड पुगेको छ भने कुल आयात ४.० प्रतिशतले घटी रु. १०६ अर्ब ९ करोडमा सीमित भएको छ । फलस्वरुप, कुल व्यापार घाटा १०.४ प्रतिशतले घटी रु ५८ अर्ब ५७ करोडमा झरेको छ । निर्यातमा वृद्धि भए तापनि ठूलो आयतन भएको आयातमा ह्रास आएको कारण कुल व्यापार १.३ प्रतिशतले घटेको छ । गत बर्ष कुल निर्यात ७.२ प्रतिशत र कुल आयात ७.८ प्रतिशत बढेको कारण व्यापार घाटा ८.२ प्रतिशतले र कुल व्यापार ७.६ प्रतिशतले बढेको थियो ।

२६. गत बर्ष १३.९ प्रतिशतले बृद्धि भएको भारततर्फको निर्यात यस बर्ष पुन: २५.४ प्रतिशतले बृद्धि भई रु ३१ अर्ब ९६ करोड पुगेको छ । अन्य मुलुकतर्फको निर्यात भने गत बर्ष ०.५ प्रतिशतले घटेकोमा यस बर्ष २०.८ प्रतिशतले घटी रु १५ अर्ब ५६ करोडमा सीमित रहेको छ । यस बर्ष भारततर्फको निर्यातको प्रमुख वस्तुहरुमध्ये अलैची, वनस्पति घ्यू, खयर (कत्था), जुटको सामान, चाउचाउ, प्लाष्टिकको सामान, जुस, पोलिष्टर धागो, तामाको तार तथा डण्डी, रसायन, कपडा आदि जस्ता वस्तुहरुको निर्यातमा वृद्धि भएको छ भने दन्तमन्जन, अदुवा, ढुटोको तेल, जि.आई. पाइप, एम. एस. पाइप, तयारी पोशाक, पश्मिनाको सामान आदि जस्ता वस्तुहरुको निर्यात घटेको छ । यसैगरी अन्य मुलुकतर्फ ऊनी गलैंचा र गरगहनाको निर्यात न्यून दरले बढे तापनि तयारी पोशाक, दाल, प्रशोधित छाला र पश्मिनाको निर्यात व्यापक रुपले घटेको छ ।





२७. निर्यात भएका वस्तुहरुको समूहगत संरचना हेर्दा भारततर्फ भएको निर्यातमा प्राथमिक वस्तु र तयारी वस्तुको अंश गत वर्ष क्रमश:२८.६ प्रतिशत र ७१.४ प्रतिशत रहेकोमा यस बर्ष क्रमश: २९.१ प्रतिशत र ७०.९ प्रतिशत पुगेको छ । अन्य मुलुकतर्फको निर्यातमा प्राथमिक वस्तु र तयारी वस्तुको अंश गत वर्ष ८.९ प्रतिशत र ९१.१ प्रतिशत रहेकोमा यस बर्ष ९.४ प्रतिशत र ९०.६ प्रतिशत भएको छ ।

२८. गत बर्ष भारतबाट भएको आयात ८.० प्रतिशतले बढेकोमा यस बर्ष ९.६ प्रतिशतले बृद्धि भएको छ । अन्य मुलुकबाट भएको आयात भने गत बर्ष ७.४ प्रतिशतले वृद्धि भएकोमा यस बर्ष २१.७ प्रतिशतले घटेको छ । यस बर्ष भारतबाट मुख्यतया रसायन, धागो, पेट्रोलियम पदार्थ, औषधी, कोल्ड रोल्ड सिट, प्लाष्टिक दाना, पोलिष्टर धागो जस्ता वस्तुहरुको आयात बढेको छ भने गहुँ, चामल, हट रोल्ड सिट, एम.एस. बिलेट, एम.एस. वायर रड, अन्य यन्त्र

तथा पूर्जाहरु, सिमेन्ट जस्ता वस्तुहरुको आयात घटेको छ । अन्य मुलुकहरुबाट चिनी, यातायातका साधन तथा पूर्जाहरु, एम. एस. बिलेट, औषधी, चिकित्सा सम्बन्धी सामग्री, कच्चा नरिवल तेलजस्ता वस्तुहरुको आयात बढेको छ भने धागो, कपडा, कच्चा ऊन, कच्चा सोयाविन तेल, कच्चा पाम तेल, रासायनिक मल, प्लाष्टिक दाना, दूरसंचारका उपकरण तथा पूर्जाहरु, हवाईजहाजका पार्टपूर्जा र विद्युतीय सामानको आयातमा ह्रास आएको छ ।

२९. आयातको संरचनालाई हेर्दा भारतबाट भएको कुल आयातमा औद्योगिक कच्चापदार्थ तथा पूँजीगत सामानको ४३.५ प्रतिशत र पेट्रोलियम पदार्थको ३१.१ प्रतिशत अंश रहेको छ भने बाँकी २५.४ प्रतिशत उपभोग्य सहितका विविध वस्तुहरुको अंश रहेको छ । गत वर्षको सोही अवधिमा भारतबाट भएको आयातमा उक्त वस्तुहरुको अंश क्रमश ५०.१ प्रतिशत, २५.६ प्रतिशत र २४.३ प्रतिशत रहेको थियो । त्यसैगरी अन्य मुलुकबाट भएको आयातमा औद्योगिक कच्चा पदार्थ तथा पूँजीगत सामानको अंश गत वर्ष ६१.७ प्रतिशत रहेकोमा यस बर्ष ५३.९ प्रतिशत रहन गएको छ ।




३०. भारततर्फको निर्यात तथा आयात दुबै बढेको तर अन्य मुलुकतर्फको निर्यात तथा आयात दुबैमा व्यापक ह्रास आएको कारण कुल व्यापारमा भारतको अंश गत बर्षको ५६.५ प्रतिशतबाट वृद्धि भई यस बर्ष ६५.४ प्रतिशत पुगेको छ भने अन्य मुलुकतर्फको अंश सोही अनुसार ४३.५ प्रतिशतबाट ३४.६ प्रतिशतमा झरेको छ ।

३१. नेपालको कुल निर्यात/आयात अनुपात (Export/Import Ratio) गत बर्ष ४०.८ प्रतिशत रहेकोमा यस बर्ष यो अनुपात बढेर ४४.८ प्रतिशत पुगेको छ । भारततर्फको निर्यात/आयात अनुपात गत बर्ष ४०.८ प्रतिशत रहेकोमा यस बर्ष ४६.६ प्रतिशत पुगेको छ । अन्य मुलुकतर्फको अनुपात गत बर्ष ४१.० प्रतिशत रहेकोमा यस बर्ष ४१.४ प्रतिशत रहेको छ ।

## शोधनान्तर स्थिति

३२. शोधनान्तरको प्रथम दश महिनासम्मको तथ्याङ्क अनुसार यस वर्ष रु. ५ अर्ब ५७ करोडको शोधनान्तर बचत भएको छ । गत वर्षको यसै अवधिमा रु. १३ अर्ब ६७ करोडको शोधनान्तर बचत भएको थियो । यस वर्ष खुद सरकारी ऋण आप्रवाहमा कमी आएको कारण गत वर्षको तुलनामा यस वर्ष शोधनान्तर बचतमा कमी आएको हो ।

३३. यस वर्ष चालु खाता (Current Account) मा रु. २५ अर्ब ८८ करोडको बचत भएको छ । गत वर्षको सोही अवधिमा चालु खातामा रु. १४ अर्ब ५० करोड बचत भएको थियो । खुद सेवा र खुद आय तर्फ क्रमशः ८०.९ प्रतिशत र ७७.८ प्रतिशत घटे तापनि व्यापार घाटामा तीव्र ह्रास आउनुका साथै ट्रान्सफर आयमा तीव्र (१६.६ प्रतिशत) वृद्धि भएको कारणले यस बर्ष चालु खातामा उच्च बचत भएको हो । ट्रान्सफर आय अन्तर्गत निजी क्षेत्रको विप्रेषण (Workers' Remittances) गत वर्षको ३.० प्रतिशत वृद्धिको तुलनामा यस वर्ष ७.९ प्रतिशतले वृद्धि भई रु. ५३ अर्ब १ करोड पुगेको छ ।

३४. पूँजीगत ट्रान्सफर यस वर्ष रु. ८७ करोड प्राप्त भएको छ । गत वर्ष पूँजीगत ट्रान्सफर रु. १ अर्ब २२ करोड प्राप्त भएको थियो । विकासजन्य क्रियाकलापमा कमी आएको कारण पूँजीगत ट्रान्सफरमा कमी आएको हो ।

३५. वित्तीय खाता (Financial Account) तर्फ अन्य लगानी सम्पत्ति (Other Investment Assets) गत वर्ष रु. ३१ अर्ब ३४ करोड थप भएकोमा यस वर्ष रु. २२ अर्ब २१ करोड मात्र थप भएको छ, जसमध्ये व्यापारिक ऋण रु. २ अर्ब ४९ करोड रहेको छ । अन्य लगानी दायित्व (Other Investment Liabilities) गत वर्ष रु. १० अर्ब ८२ करोडले बढेकोमा यस वर्ष रु. ३ अर्ब १४ करोडले घटेको छ । यसमध्ये व्यापारिक ऋण (Trade Credit) रु. ४ अर्ब ४ करोडले घटेको छ । यस वर्ष रु. ५ अर्ब ५९ करोड बराबरको सरकारी ऋण आप्रवाह भएको र साँवा भुक्तानी रु. ५ अर्ब ३ करोड रहेको छ । फलस्वरुप, खूद सरकारी ऋण आप्रवाह रु. ५६ करोड भएको छ । गत बर्ष खूद सरकारी ऋण आप्रवाह रु. ४ अर्ब ६० करोड रहेको थियो । यस वर्ष विदेशी मुद्रा तथा निक्षेप दायित्व रु. ८२ करोडले मात्र बढेको र सोही अनुरुप वित्तीय खाता रु. २५ अर्ब ३२ करोडले ऋणात्मक रहन गएको छ ।


**विदेशी विनिमय संचिति**

३६. कुल विदेशी विनिमय संचिति २०६१ बैशाख मसान्तको तुलनामा २०६२ बैशाख मसान्तमा ५.२ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ३१ अर्ब ६७ करोड पुगेको छ । गत वर्षको बैशाख मसान्तमा उक्त संचिति १२.२ प्रतिशतले बढेको थियो । यस अवधिमा परिवर्त्य बिदेशी विनिमय संचिति १३.८ प्रतिशतले वृद्धि भएको छ भने अपरिवर्त्य संचिति ५३.८ प्रतिशतले घटेको छ । अन्य मुलुकबाट हुने आयात उच्च दरले घटेको तथा बैंकिङ्ग प्रणालीबाट आउने बिप्रेषण रकम बढेको कारण आर्थिक वर्ष २०६१/६२ को प्रथम दश महिनामा परिवर्त्य संचिति बढेको हो । विद्यमान कुल संचितिमा परिवर्त्य संचितिको अंश ९४.५ प्रतिशत र अपरिवर्त्य संचितिको अंश ५.५ प्रतिशत रहेको छ । गत वर्ष यो अंश क्रमश: ८७.४ प्रतिशत र १२.६ प्रतिशत रहेको थियो । यस वर्षको प्रथम दश महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय संचितिको बिद्यमान स्तरले १२.४ महिनाको वस्तु आयात र १०.४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको देखिन्छ ।

चार्ट नं. : ५

**शोधनान्तर स्थिति तथा विदेशी विनिमय संचिति**

(प्रथम दश महिना )




**अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति**

३७. गत बर्ष बैशाख मसान्तमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य प्रति व्यारल अमेरिकी डलर ३९.१ रहेकोमा यस बर्षको सोही अवधिमा १८.७ प्रतिशतले वृद्धि भई प्रति व्यारल अमेरिकी डलर ४६.४ पुगेको छ । यसै गरी अर्न्तराष्ट्रिय बजारमा सुनको मूल्य गत वर्ष बैशाखमसान्तको तुलनामा यस वर्ष बैशाखमसान्तमा ११.४ प्रतिशतले वृद्धि भई प्रति औंस अमेरिकी डलर ३७६.५ बाट अमेरिकी डलर ४१९.३ पुगेको छ ।

*****